बीउ तथा अन्न भण्डारणका लागि

# हर्मेटिक ब्याग

## के हो हर्मेटिक ब्याग ?

हर्मेटिक ब्यागलाई सुपर ग्रेन ब्याग पनि भनिन्छ । यो ब्याग बजारमा पाइने सामान्य किसिमको प्लास्टिक ब्याग जस्तै देखिए पनि त्यसभन्दा नितान्त फरक किसिमले तयार पारिएको हुन्छ । त्यसैले यसको मूल्य पनि बढी हुन्छ । यसको प्रयोग अनाज तथा बीउहरू भण्डारण गर्नका लागि मात्र गरिन्छ । हिफाजत गर्न सकेमा यो १० वर्षभन्दा बढी टिक्छ ।

## यसले कसरी काम गर्छ ?

यस ब्यागभित्र राखेको बीउ वा अन्नमा अक्सिजनको मात्रा क्रमशः घट्दै जान्छ भने त्यही अनुपातमा कार्बनडाइअक्साइड बढ्दै जान्छ । जसले गर्दा अनाज तथा बीउमा भएका हानिकारक कीरा तथा कीटाणुहरू बिस्तारै निस्सासिएर मर्छन् र फैलन पाउँदैनन् । तसर्थ यसमा भण्डारण भएका बीउहरू वर्ष दिनसम्म पनि सुरक्षित रहन्छन् ।

## कसरी प्रयोग गर्ने त ?

१. यस ब्यागमा भण्डारण गर्नुअघि बीउ तथा खाद्यान्न राम्रोसँग सुकेको हुनुपर्दछ । चिस्यानको मात्रा बीउमा १२% र खाद्यान्नमा १४% हुनुपर्दछ । यसका लागि अनाजलाई ३-४ घाम राम्ररी सुकाउने र दाँतले टोक्दा कुटुक्क आवाज आउने, कडा भएको अवस्थामा मात्र ब्यागभित्र भण्डारका लागि राख्नुपर्दछ ।

२. बीउलाई ब्यागभित्र राखिसकेपछि ब्यागभित्रको हावा बिस्तारै धकेलेर वा थिचेर बाहिर फाल्नु पर्दछ । त्यसपछि ब्यागको मुख बटारेर तलतिर घुमर्काएर राम्ररी डोरीले बाध्नुपर्दछ ।

३. प्लास्टिक ब्यागको थप सुरक्षाका लागि यसलाई घरमा भएको साधारण बोरामा हालेर राख्न सकिन्छ ।

४. सानो प्वाल परेका खण्डमा पनि यसले काम नगर्ने हुनाले यसलाई धारिला सतह, किला/काँटी, आगो, मुसा इत्यादिबाट जोगाउनुपर्छ ।

५. बीउ राख्ने बोरा पहिलो प्रयोगपछि जतन गरी राखेर प्वाल नपरून्जेल पुनः प्रयोग गर्न सकिन्छ ।

६. थोरै-थोरै तर धेरै किसिमका बीउ राख्नु छ भने स-साना पोका बनाई यसभित्र राख्न सकिन्छ ।

७. यसलाई ओसिलो वा चिसो, पानी पर्ने ठाउँ वा खालि भुइँमा नराखी काठको फलेकमाथि राख्नु उपयुक्त हुन्छ ।

Diakonie Katastrophenhilfe

Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra
Embassy of Switzerland in Nepal

UTVIKLINGSFONDET
THE DEVELOPMENT FUND · EL FONDO DE DESARROLLO

LI-BIRD